"कृषि, पर्यटन र व्यापारः समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश,नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०८१/८२

चलानी नं. : १६४५

मिति : २०८२/०२ /२५

श्री वडा कार्यालय सबै,
श्री विषयगत शाखा,उपशाखाहरु सबै
श्री स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाईहरु सबै
श्री सामुदायिक विद्यालयहरु सबै
श्री उपभोक्ता समिति, फर्म, कम्पनी सबै
नमोबुद्ध नगरपालिका, भकुण्डेवेशी,काभ्रेपलाञ्चोक।

बिषय - भुक्तानी तथा खाता बन्द सम्वन्धमा ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली,२०७७ को नियम ३०(१) बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ दिन अगावै दिइ निकासा र खर्चको लेखा अध्यावधिक गरि भूक्तानी र निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको हुँदा असारको समयमा भौगोलिक जटिलताको कारण ईन्टरनेट नचल्ने र कामको अत्याधिक चाप हुने आर्थिक कारोवारको लेखाङ्कन प्रणाली SuTRA मा समस्या आइरहने साथै असार मसान्तमा कार्यालयको कर दाखिला, संघ सरकार र प्रदेश सरकारका फिर्ता गर्नुपर्ने अनुदानहरु फिर्ता गरी सो को लेखाङ्कन प्रतिवेदन को.ले.नि.का मा पेश गर्नुपर्ने हुँदा हिसाब मिलान गरि संघ तथा प्रदेश सरकारका निकायहरुमा प्रतिवेदन समेत अनिवार्य गर्नुपर्ने भएकाले आ.व.२०८१/८२ को मिति २०८२ असार १० गते सम्म कार्यक्रम सम्पन्न गरि भुक्तानीको लागि अनिवार्य पेश गर्नु/गराउनु हुन अनुरोध छ। साथै असार १० गते कुनै योजना फरफारक नभएमा सम्वन्धित टोल विकास संस्था/उपभोक्ता समिति/फर्म/कर्मचारी नै स्वयं जिम्मेवार र जवाफदेहि हुनुका साथै कार्यक्रम तथा योजनाको दायित्व आ.व २०८२/०८३ मा नसारिने व्यहोरा समेत सम्बन्धित सबै सरोकारवालाहरुमा जानकारीका लागी अनुरोध छ।

पुनश्चःचालु प्रकृतिका भुक्तानीका सम्पुर्ण फाइलहरु असार ५ गतेभित्र अनिवार्य पेश गर्नुहुन सम्वन्धित सबैमा अनुरोध छ।

वोधार्थः श्री नगर प्रमुखज्यू सचिवालय ।
श्री नगर उप प्रमुखज्यूको सचिवालय ।

विदुर शर्मा नेपाल
लेखा अधिकृत

कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत